## जयपृथ्वी नगरपालिकाको उप-प्रमुख श्री जुना जाग्री ज्यूले २०७६ /०३/१० गते नगरपालिकाको नगर सभामा प्रस्तुत गर्नु भएको आ.ब.२०७६/०७७ को बजेट बक्तव्य

यस सभाका अध्यक्ष ज्यू,
नगर सभाका सदस्यज्यूहरू,
नगर कार्यपालिकाको कार्यालयका प्रमुख प्रशासकीय अधिकृत लगायत अन्य राष्ट्रसेवक कर्मचारी मित्रहरू,
यस नगरपालिकाको गरिमामय सभामा आगामी आर्थिक वर्ष ०७६ /७७ को लागि बजेट प्रस्तुत गर्न पाउँदा आफूलाई गौरवान्वित ठानेकी छु । स्थानीय तहको निर्वाचन पश्चात यस नगरपालिकाको नगर सभाका लागि निर्वाचित भई आज सम्म नगरपालिकाको बिकासमा टेवा दिने सभाका सबै सदस्यहरूलाई हार्दिक वधाई ज्ञापन गर्दै अझ बाँकि कार्यकालको सफलताको शुभकामना व्यक्त गर्दछु ।

सर्वप्रथम त प्रजातन्त्र प्राप्ति तथा लोकतन्त्रको लागि भएका विभिन्न ऐतिहासिक जनआन्दोलनहरूमा ज्यानको आहुती दिने सम्पूर्ण ज्ञात अज्ञात सहीदहरू साथै यस सभाका हालसालै दिवंगत भएका सदस्य स्व. नर बहादुर महर प्रति हार्दिक श्रद्दान्जली व्यक्त गर्दछु । शहीदहरूको सपना पूरा गर्न तपाईं हामी सबैलाई प्रेरणा मिलोस्, यहि कामना समेत गर्न चाहन्छु ।

**<u>अध्यक्ष महोदय,</u>**

सुदुरपश्चिम प्रदेशमा अवस्थित यो नगरपालिका प्राकृतिक श्रोत साधनले भरिपूर्ण रहेको मान्नुपर्छ र थप अवसरको खोजि गरिनु पर्छ । उपलब्ध साधन श्रोतको प्रभावकारी रूपमा उपयोग गर्न सक्ने हो भने केहि वर्षमै यस नगरपालिकालाई एक समृद्ध नगरपालिका बनाउन सकिने प्रशस्त सम्भावनाहरु रहेका छन जसमा **" जयपृथ्वी नगरपालिकाको परिकल्पना समृद नगर सुखी नगरबासी हाम्रो चाहना "** नारालाई सफल पार्नका लागि नगरपालिका अन्तर्गत क्रियाशिल सम्पूर्ण राजनीतिक दल र जनप्रतिनिधि तथा आम सर्वसाधारण लगायत सबै सरोकारवालाहरूको ध्यान जान जरूरी रहेको कुरा यसै सभा मार्फत अनुरोध गर्न चाहन्छु ।

संविधानसभाबाट नेपालको संविधान जारी भै स्थानीय तहहरू स्थापना भए पश्चात सबैको ध्यान स्थानीय तहहरूमा केन्द्रीत भई रहेको छ । राज्यको ठूलो लगानी अव स्थानीय तहहरूमा विनियोजित भएको छ । जनअपेक्षा पनि ह्वात्तै बढेको छ । यस परिस्थितिमा नगर सभाका सदस्यज्यूहरू अझै बढी जिम्मेवार र संवेदनशिल हुन जरूरी भएको छ ।

स्थानीय तहहरू संधैभरी प्रदेश तथा संघीय सरकारको अनुदान रकममा मात्र भर परेर सबै जनअपेक्षा र आवश्यकता बमोजिमको विकास निर्माण गर्न सकिदैन । यसका लागि आन्तरिक श्रोतहरूको अभिवृद्धि अपरिहार्य हुन आउँछ । जनताको करबाट जनताकै विकास निर्माणलाई अगाडि बढाउनु पर्ने हुन्छ । यसका लागि राजश्व संकलनका क्षेत्रहरू पहिचान गरी करका दायराहरूलाई समयसापेक्ष बढाउँदै लैजानु पर्ने जरूरी भएको छ । यसमा सबैको ध्यान जानेछ भन्ने मैले अपेक्षा गरेकी छु ।

**<u>अध्यक्ष महोदय,</u>**

**<u>चालु बजेटको कार्यान्वयनको अवस्था</u>**

अव म चालू आर्थिक वर्षमा यस नगरपालिका अन्तर्गत कार्यान्वयन भएका विकास निर्माणका योजना तथा कार्यक्रमहरूको संक्षिप्त विवेचना गर्न चाहन्छु ।

- नगरपालिका गौरवका आयोजना कार्यान्वन अन्तिम चरणमा रहेका छन् ।
- उपभोक्ता समिति बाट हुने कार्य लगभग सम्पन्न भएका छन् ।
- वडा कार्यालय तथा शहरी स्वाश्थ्य केन्द्र निर्माणाधीन छन् ।

**<u>मूलतः चालु आर्थिक वर्षको योजना कार्यान्वयनमा देहाय बमोजिमका व्यवधानहरू रहन गएः</u>**

- विकास निर्माणको काम शुरू मै प्राथमिकता नपाउनु ,
- सुरुमा नगर कार्यपालिकाको कार्यालयमा दरबन्दी बमोजिमका कर्मचारीहरूको पदपूर्ति नहुनु,
- प्राविधिक जनशक्तिको अभाव,
- कर्मचारी तथा यातायात मार्गको अभावमा प्रभावकारी अनुगमन मूल्यांकन गर्न नसक्नु,
- आयोजना व्यवस्थापन प्रभावकारी बनाउने सम्बन्धमा उपभोक्ता समितिहरू संवेदनशील नहुन,
- भौगोलिक कठिनाई ,
- सामग्री को कमजोर उपलब्धता ,
- जनशक्तिको बिलम्ब उपलब्धता आदि ।

आउँदा दिनहरूमा उल्लिखित बमोजिमका कमीकमजोरीहरूको न्यूनीकरण गर्दै प्रभावकारी रूपमा आयोजना तथा कार्यक्रमहरूको व्यवस्थापन गर्न जरूरी रहेको कुरा समेत यस गरिमामय सभामा पेश गर्न चाहन्छु ।

**<u>अध्यक्ष महोदय,</u>**

**<u>बजेट निर्माण प्रक्रिया</u>**

अब म आगामी आर्थिक वर्षको लागि योजना तथा कार्यक्रमहरूको तर्जूमा गर्दा अपनाइएका मुख्य मुख्य प्रक्रिया तथा विधिहरूको यहाँहरू समक्ष संक्षेपमा विवेचना गर्न चाहन्छु ।

नेपालको केन्द्रीकृत शासन व्यवस्थालाई संघीय शासन व्यवस्थामा रूपान्तरण गर्ने गरी नेपालको संविधान जारी भई लागू भएको हामीहरू सबैलाई विदितै छ । सोही शिलशिलामा सिंहदरबारको अधिकार स्थानीय सरकारहरूमा हस्तान्तरण भईरहेको विद्‍यमान अवस्था छ । स्थानीय सरकारहरूको गठन पश्चात यहि आषाढ महिना १० गते भित्र स्थानीय सरकारहरूले आगामी आर्थिक वर्षका लागि नीति, योजना तथा कार्यक्रमरू आ-आफ्नो सभामा पेश गरि पारित गराउनु पर्ने कानूनी व्यवस्था रहेको छ ।

**<u>अध्यक्ष महोदय,</u>**

**<u>आगामी आ.ब. को बजेट प्रक्षेपण</u>**

आगामी आर्थिक वर्षका लागि वस्ती स्तरबाट योजना तथा कार्यक्रमहरू तयार भई वडा समितिहरूले ती योजना तथा कार्यक्रमहरूलाई प्राथमिकीकरण गरी बजेट तथा कार्यक्रम तर्जूमा समितिमा पठाउने व्यवस्था मिलाइएको छ । सो कार्य पूर्व नगरपालिकाले संघीय र प्रदेश सरकारबाट यस

नगरपालिकालाई आगामी आ.व. को लागि सिलिङ उपलब्ध गराएको थियो । उप्-प्रमुखको संयोजकत्वमा रहेको राजश्व परामर्श समितिबाट करका दरहरू सहित चालु आ.ब. का करका दरहरु समेत यथावत राखी आगामी आर्थिक वर्षका लागि आन्तरिक आय रु. ६३ लाख ३० हजार प्रक्षेपण भएको छ । श्रोत अनुमान समितिको आन्तरिक आय प्रक्षेपण तथा संघीय र प्रदेश सरकारबाट प्राप्त बजेटको दायरामा रही नगरपालिकाका प्रमुखको संयोजकत्वमा रहेको श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले आगामी आर्थिक वर्षका लागि कूल बजेट रु. ४३ करोड ४१ लाख १६ हजार निर्धारण गरेको छ । नगर कार्यपालिकामा बजेट निर्माणका लागि विभिन्न विषयगत समितिहरू तथा विषयगत/ क्षेत्रगत समिति हरूको गठन गरिएको छ । वडा स्तरबाट प्राथमिकीकरण गरि पठाएका योजनाहरूलाई कार्यपालिका अन्तर्गतका विभिन्न समितिमा छलफल गरी नगर कार्यपालिकाको बैठकबाट आगामी आर्थिक वर्षको लागि बजेट तर्जूमा गरी कार्यपालिकाको बैठकबाट स्वीकृत भई पारितका लागि आजको यस सभामा पेश गरिएको छ ।

**अध्यक्ष महोदय,**

**बजेट निर्माणका आधारहरु**

अव म आगामी आर्थिक वर्षका लागि योजना तथा कार्यक्रमहरूको तर्जूमा गर्दा लिइएका आधारहरूलाई यस सभा समक्ष पेश गर्न चाहन्छु । आगामी आर्थिक वर्ष २०७६ /७७ को योजना तथा कार्यक्रमहरू तयार गर्दा निम्नानुसार बमोजिमका आधारहरू लिइएको छ ।

- नेपालको संविधान
- पन्ध्रौ पन्चवर्षीय योजनाको आधारपत्र
- संघिय र प्रदेश सरकारले विभिन्न समयमा गरेका निर्णयहरू
- संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय र अर्थ मन्त्रालयले बजेट तर्जूमा सम्बन्धमा जारी गरेका निर्देशिकाहरू तथा निर्णयहरू
- स्थानीय तहको योजना तथा बजेट तर्जूमा दिग्दर्शन, २०७४
- बजेट तर्जूमा सम्बन्धमा यस नगरपालिकाबाट जारी भएका निर्णयहरु

**अध्यक्ष महोदय,**

**चालु आ.ब. को बजेट को संसोधित अनुमान**

आ. ब. २०७५/०७६ को चालु ,पुँजीगत ,सामाजिक सुरक्षा र अन्य सहित रु. ५६ करोड १२ लाख ९४ हजार ९ सय १८ बजेट भएकोमा सोहि रकम अनुसार असार मसान्त सम्म संशोधित खर्च हुने अनुमान गरियको छ ।चालु आ.ब. को बजेटमध्ये खर्च हुन नसकेको ससर्त बजेट फ्रिज गरी नेपाल सरकारको संचित कोषमा र अन्य रकम नगरपालिकाको संचित कोषमा जम्मा हुने व्यवस्था मिलाईएको छ । चालु बर्षमा सम्पन्न हुन नसकेका योजना क्रमागत रुपमा सम्पन्न को लागि निरन्तरता दिएको छु ।

**<u>अध्यक्ष महोदय,</u>**

**<u>आगामी आ.ब. २०७६/०७७ को अनुमानित बजेट</u>**

अव म यस गरिमामय सभामा आगामी आर्थिक वर्ष २०७६ /७७ को लागि अनुमानित बजेट पेश गर्ने अनुमति चाहन्छु ।

आगामी आर्थिक वर्षको लागि चालु र पुँजीगत अनुमानित कूल बजेट रू. ४३ करोड ४१ लाख १६ हजार खर्च हुने प्रारम्भिक अनुमान छ । जस मध्ये संघीय सरकारबाट वित्तीय समानीकरण अन्तर्गत प्राप्त १२ करोड ९७ लाख , संघीय सरकारबाट प्राप्त सशर्त अनुदान तर्फ कूल २१ करोड १५ लाख प्रदेश सरकार बाट वित्तीय समानीकरण ६८ लाख ५१ हजार , राजश्व बांडफाड २१ लाख ३५ हजार र आन्तरिक आयश्रोत तर्फ ६३ लाख ३० हजार अनुमान गरिएको छ । आन्तरिक आयश्रोतको प्रक्षेपण थप सार्थक बनाउन सबै नगरबासी लाई हार्दिक अनुरोध गर्दछु । आन्तरिक आयश्रोत तर्फका करका दरहरू छुट्टै अनुसूचीमा प्रस्तुत गरेको छु ।

आगामी आर्थिक वर्षका लागि चालू खर्च तर्फ कूल ७ करोड ७६ लाख आन्तरिक आय र प्रदेश सरकारको राजश्व बांडफाड मा चालु र पुजिगतमा ४० र ६० को अनुपात प्रस्ताव गरेको छु । यस मध्येबाट नगरपालिका अन्तर्गत रहेका सम्पूर्ण (समायोजन भएका समेत) कर्मचारीहरूको संघिय सरकारले कायम गरेको तलबमान सहित थप प्रोत्साहन तलब तथा भत्ता र सोहि अन्तर्गत कार्यालय सञ्चालन खर्च प्रस्ताव गरिएको छ । चालू खर्च तर्फ नै निर्वाचित जनप्रतिनिधीहरूको लागि तलब भत्ता समेत प्रस्ताव गरिएको छ । आगामी आर्थिक वर्षमा सबै कर्मचारी, जनप्रतिनिधि ,उपभोक्ता , समितिहरूको लागि तालिम उपलब्ध गराइने छ । जसबाट हालका दिनहरूमा देखिएको आयोजना व्यवस्थापन सम्बन्धी अन्यौलको अन्त्य तथा भुक्तानी प्रकृयामा सबै उपभोक्ता समितिहरूलाई सहजता पैदा हुनेछ । आगामी आर्थिक वर्षमा सबै वडा कार्यालयहरूलाई सूचना मैत्री बनाउन जोड दिईनेछ । सबै वडा कार्यालयहरूमा प्रबिधि मार्फत इमेल इन्टरनेटको प्रबन्ध गरिनेछ । स्थानीय तहहरूबीचको अनुभव आदान प्रदान गर्नको लागि पदाधिकारीहरू समेत कार्यरत कर्मचारीहरूलाई बैदेशिक तथा जिल्लान्तर /भित्र अध्ययन भ्रमणको अवसर प्रदान गरिनेछ । यसले गर्दा सबै स्थानीय तहहरू बीचको हार्दिकता तथा सेवा प्रवाहमा समानता र एकरुपता कायम हुन् जानेछ ।

**<u>अध्यक्ष महोदय,</u>**

**<u>आगामी आ.ब. २०७६/०७७ को अनुमानित पुँजीगत बजेट</u>**

आगामी आर्थिक वर्षका लागि कूल पूँजीगत खर्च संघिय सरकारको वित्तीय समानीकरण को रू. १२ करोड ९७ लाख ,प्रदेश सरकार बाट प्राप्त बितिय सामानिकरण ६८ लाख ५१ हजार , राजस्व बांडफाड बाट प्राप्त १२ लाख ८१ हजार र आन्तरिक आय बाटको रकम ३८ लाख समेत प्रस्ताव गरिएको छ । स्थानीय तहरूको कार्यान्वयन पश्चात जनताहरूमा धेरै अपेक्षाहरू बढेर आएका छन् । वस्ती बस्तीमा स्थानीय तहको बिकाशको अनुभूति पु-याउनु छ । त्यसैले आगामी आर्थिक वर्षका लागि हरेक वडाहरूमा लक्षित कार्यक्रम सहित शुत्रमा आधारित न्युनतम रू. २९ लाख देखि ४१ लाख सम्मको श्रोत सुनिश्चितता गरी सोही वडा अन्तर्गतबाट जनताहरूले प्रस्ताव गरी पठाइएका आयोजना तथा कार्यक्रमहरूलाई प्राथमिकताका आधारमा प्रस्ताव गरिएको छ । वडा स्तरबाट प्राथमिकीकरण गरी आएका लक्षित तथा बिकाशका आयोजनाहरू समेतमा कूल ३ करोड ९३ लाख खर्च हुने प्रारम्भिक अनुमान छ । वडा स्तरबाट छनौट भई आएका अन्य योजनाहरूलाई श्रोतले भ्याएसम्म कार्यपालिकाको बैठकबाट थप बजेट विनियोजन गरिएको छ । नगर गौरव तथा अन्य नगर आयोजनाको लागि ४

करोड ८६ हजार  बिनियोजन गरिएको छ । जनताका सबै अपेक्षाहरूलाई एकै वर्षका सम्पूर्ण रूपमा संवोधन गर्न गठीन हुने भएकाले जनस्तरबाट छनौट भई आएका तर आगामी आर्थिक वर्षका लागि वजेट विनियोजन हुन नसकेका योजना तथा कार्यक्रमहरूलाई प्राथमिकताका आधारमा प्रदेश सरकार तथा संघीय सरकारमा सिफारिस साथ पठाउने व्यवस्था मिलाईएको छ । प्रत्येक वडा स्तरबाट सिलिङ बमोजिम  सिफारिस भई आएका योजनाहरूको नामावली अनुसूचीमा उल्लेख गरिएको छ ।

नगर क्षेत्र भित्र  नगपालिका र बिकास साझेदार को सहयोगमा खानेपानी ,सडक लगायतका बिकासका पुर्बाधार हरुको  स्तरोन्नति र ब्यबस्थापनका  क्रियाकलाप  निरन्तरता सहीत क्रियाशील  अबस्थामा रहेको आम नगरबासिमा अबगत गर्न चाहन्छु ।

**<u>अध्यक्ष महोदय,</u>**

**<u>बिषयगत क्षेत्र र अन्यमा बजेट बिनियोजन</u>**

यो  नगरपालिका मुलतः कृषि प्रधान नै हो । कृषिमा जति लगानी वढाउन सकिन्छ, उतीनै जनताले प्रत्यक्ष लाभान्वित हुने मौका पाउँदछन् । आगामी आर्थिक वर्षमा यस नगरपालिकाको बन तथा वातावरण, कृषि,महिला बिकास,स्वास्थ्य,शिक्षा,पशु बिकास,सहकारी,युवा ,न्यायिक समिति तथा राहत कार्यर्क्रम सहित बिषयगत क्षेत्रको  लागि १ करोड ८१  लाख  ४५ हजार बजेट  बिनियोजन गरिएको छ । लक्षित कार्यक्रम को लागि ५३ लाख बिनियोजन गरिएको छ  ।

नगर पालिकाको विस्तृत पार्श्व चित्र नगर  Profile निर्माणको  निरन्तर  गर्न ५  लाख वजेटको व्यवस्था गरिएको छ । आगामी आर्थिक वर्षदेखि चैनपुर  वजारमा व्यवस्थित वस्ती विकास योजना प्रारम्भ गरिनेछ । यसका लागि छुट्टै प्राविधिकहरुको टोलीले अध्ययन गरी चैनपुर  बजारको सडक बत्ति सहित् Town Planning योजना तयार गरिनेछ ।चैनपुर वजारको फोहोर व्यवस्थापनको लागि आवश्यक बजेटको प्रवन्ध मिलाइएको छ ।

नगरपालिकाको केन्द्रबाट सबै वडा कार्यालयहरूलाई सहज सडक सञ्जालमा आवद्ध गर्ने निर्णयको थालनी आगामी आर्थिक वर्ष बाटै गरिने छ । जसअनुसार आगामी आर्थिक वर्षमा ती सडकहरूलाई बजेटको प्रवन्ध मिलाइएको छ ।

सुर्मादेवी मन्दिरको प्रवर्धन र विकास आजको अपरिहार्य आवश्यकता हो । यसको लागि मन्दिर व्यवस्थापन तथा मर्मत  निर्माणलाई आबश्यक  बजेट विनियोजन गरिएको छ । नगरपालिका अन्तर्गत एक समपूरक कोष रहने छ । जसबाट लागत साझेदारीमा विभिन्न योजना तथा कार्यक्रमहरूको कार्यान्वयन हुनेछ । समपूरक कोषमा चालु आ.ब. को  लागि रू.१ करोड ७६  लाख र आगामी आ. ब. को लागि १ करोड २० लाख प्रस्ताव गरिएको छ ।

यस नगर पालिकाको समग्र विकासमा टेवा पु-याउनको लागि यूवा लक्षित विभिन्न योजना तथा कार्यक्रमहरू प्रस्ताव गरिएको छ । आगामी आर्थिक वर्षदेखि यस  नगरपालिका अन्तर्गत नगरपालिका स्तरीय मेयर कप खेलकूद प्रतियोगिता आयोजना हुनेछ । । नगर यूवा सचेतनामूलक कार्यक्रमहरू कार्यान्वयनमा ल्याइने छ । महिला, दलीत, जनजाति, अल्पसंख्यक समुदाय तथा गरिव, किसान हरूको उत्थानका लागि कार्यक्रमहरू तय गरिएको छ । नगरपालिका नियमित रुपमा रहेका कोषमा थप

जोड कोषको व्यवस्था मिलाएको छ ।नगरपालिका को शैक्षिक गुणस्तर सुधारको लागि साक्षर नगर घोषणा समेतमा थप बजेट को व्यवस्था गरेको छ ।

आगामी आर्थिक वर्षमा सडक सुरक्षा कार्यक्रम संचालन गरिनेछ । यस नगर पालिका अन्तर्गतका सम्भाव्य पर्यटकिय क्षेत्रहरूको पहिचान गरी Home Stay बनाउनको लागि जनताको सहभागितामा कार्यक्रम अघि बढाइनेछ । कैलाश गुफाको थप अध्ययन अनुसन्धान गरिनेछ । पर्यटकीय क्षेत्र तथा अन्य क्षेत्र को लागि सेवा परामर्शमा ११ लाख बजेट बिनियोजन गरिएको छ ।

नगरपालिकाको सेवाप्रवाह तथा विकास निर्माणको गतिलाई छिटो छरितो र जनमुखी बनाउनको लागि कार्यालय व्यवस्थापन एक महत्वपूर्ण अवयव हो । आगामी आर्थिक वर्षको प्रारम्भमै जनतालाई अनुभूति हुने प्रकारले सबै वडा कार्यालयहरूलाई व्यवस्थित बनाउने कार्यको प्रारम्भ गरिनेछ । सोको लागि निर्माणाधीन नगर कार्यपालिकाको कार्यालय भवन र बाँकि वडा कार्यालयको निर्माणको लागी पहल गरिनेछ । निर्माणाधीन वडा कार्यालयको भवन को कार्य सम्पन्नता शिघ्रता दिईनेछ ।

**<u>सभाका अध्यक्ष महोदय,</u>**

**<u>आ. ब. २०७६/०७७ को ससर्त बजेट</u>**

आगामी आर्थिक वर्षका लागि सशर्त अनुदान तर्फ कूल रू २१ करोड १५ लाख प्रस्ताव गरिएको छ । यस रकम मध्य बाट शिक्षा, स्वास्थ्य र पशुविकास ,सिंचाई खानेपानी अन्तर्गतका विभिन्न कार्यक्रमहरूको प्रस्ताव गरिएको छ । सो सम्बन्धी विस्तृत विवरण अनुसूचीमा संलग्न छ । यस शीर्षक अन्तर्गतको बजेट सशर्त अनुदान तर्फको भएको र सो सम्बन्धी प्रस्तावित कार्यक्रम नेपाल सरकार अर्थ मन्त्रालयबाट प्राप्त हुन आएकाले सोही प्रस्तावलाई हुबहू सभामा निर्णयार्थ पेश गरिएको छ ।

**<u>अध्यक्ष महोदय,</u>**

प्रस्तावित योजना तथा कार्यक्रमहरूको सफलता यिनीहरूको प्रभावकारी कार्यान्वयमा भर पर्दछ । तसर्थ, प्रस्तावित योजना तथा कार्यक्रमहरूको प्रभावकारी तथा व्यवस्थित कार्यान्वयनमा यस नगरपालिका अन्तर्गतका सम्पूर्ण राजनीतिक दल, नागरिक समाज, स्थानीय वुद्दीजिवी, नगरपालिकाबासी सम्पूर्ण दाजुभाइ दिदीबहीनीहरूको उल्लेख्य सहयोग रहने छ भन्ने अपेक्षा लिएको छु ।

**<u>अन्त्यमा,</u>**

बजेट तर्जूमाको दौरान अमूल्य सहयोग प्रदान गर्नुहुने सम्पूर्ण टोल/बस्ती बासी जनताहरू, वडा समितिका अध्यक्ष लगायत सदस्य ज्यूहरु, विभिन्न समितिहरूका संयोजकज्यूहरू, विषयक्षेत्रगत समूहका सदस्यज्यूहरू, नगरकार्यपालिकाका सबै सदस्य ज्यूहरू लगायत महत्त्वपूर्ण मार्गदर्शनका लागि श्रदय नगरपालिका प्रमुख ज्यूलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

साथै, बजेट तर्जूमाको दौरान प्राविधिक तथा अन्य व्यवस्थापकीय सहयोग पु-याउनुहुने नगरकार्यपालिका तथा वडा कार्यालयका कर्मचारीहरूलाई धन्यवाद दिन चाहन्छु ।

**धन्यवाद ।**